# कृषि-मौसम सल्लाह बुलेटिन

**[Agro-met Advisory Bulletin (AAB)]**

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा
जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी

वर्ष-१२, अंक-१७ अवधिः २२-२८ साउन, २०८३ २२ साउन, २०८३

## मौसमी सारांशः


- गत साताभर मनसुनी वायुको प्रभावले देशभरका केन्द्रहरूमा वर्षा मापन भएको छ। बागमती, गण्डकी र कोशी प्रदेशका धेरै केन्द्रहरूमा तथा लुम्बिनी र मधेश प्रदेशका केही केन्द्रहरूमा १००.० मिलिमिटरभन्दा बढी साप्ताहिक वर्षा मापन भएका छन्। देशभरमा वर्षा मापन भएका धेरै केन्द्रहरूमा सरदरभन्दा बढी वर्षा मापन भएको छ। गत साता देशका धेरै केन्द्रहरूमा सरदरभन्दा कम साप्ताहिक औसत अधिकतम तापक्रम र सरदरभन्दा बढी साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएका छन्।
- देशभर नै मनसुनी वायुको प्रभाव रहने छ। साताको सुरुमा मनसुनको न्यून चापीय रेखा सरदर स्थान आसपास नै रहने छ भने साताको अन्त्यतिर सरदर स्थानबाट उत्तरतर्फ नेपालनजिक सर्ने देखिन्छ।
- **हिमाली भू-भागः** लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा साताको सुरूमा थोरै, मध्यमा धेरै र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ भने साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी वर्षा/हिमपातको सम्भावना छ। कोशी, बागमती, गण्डकी प्रदेशमा साताको सुरूमा केही स्थानमा, मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ भने साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा, मध्यमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना छ।
- **पहाडी भू-भागः** लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा साताको सुरूमा थोरै स्थानमा, मध्यमा धेरै र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना छ भने साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ। कोशी, बागमती, गण्डकी प्रदेशमा साताको सुरूमा केही स्थानमा, मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना छ भने साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा, मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना छ। साताको मध्यमा एक-दुई स्थानमा धेरै भारी वर्षाको पनि सम्भावना छ।
- **तराई भू-भागः** देशको तराई भूभागमा साताको सुरूमा थोरै स्थानमा, मध्य र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना छ। मधेश, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा साताको मध्यमा एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ। कोशी प्रदेशमा साताको मध्यमा थोरै स्थानमा, अन्त्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ।
- देशभर अधिकतम र न्यूनतम तापक्रम उल्लेखनीय परिवर्तन नहुने सम्भावना छ।

## कृषि सारांश

- धानबालीमा हरियो मलको रूपमा तयार भएको एजोला २० केजी प्रतिकठ्ठा वा ३० केजी प्रतिरोपनीका दरले प्रयोग गर्नुहोस्। एजोला वृद्धिको लागि कम्तीमा १० दिनसम्म धानखेतमा पानीको गहिराइ ५-१० सेमी कायम गर्नुहोस्, साथै खेतबाट पानी तथा एजोला बगेर जान नदिनुहोस्।
- असार महिनामा लगाइएको र खेतमा राम्रोसँग ढाकेको अवस्थाको एजोलालाई धानको पहिलो गोडाइमा राम्रोसँग माटोमा मिलाउनुहोस्।
- सुख्खा छरुवा धानमा साथै रोपेको धानमा झारपात व्यवस्थापनको लागि बिस्पाइरिबेक २५ लिटर पानीमा १२ एमएलको दरले एक रोपनीमा वा १७ लिटर पानीमा ८ एमएलको दरले एक कठ्ठामा धान छरेको १५-२५ दिनभित्र माटोमा छिपछिपे पानी भएको अवस्थामा फ्लाट फ्यान नोजलको प्रयोगले स्प्रे गर्नुहोस्।
- धान रोपेको २-३ हप्तापछि खेतमा निरन्तर पानी जमेको अवस्थामा धानबालीमा फेद कुहिने रोग लाग्ने हुनाले नियमित अवलोकन गर्नुहोस्। नियन्त्रणको लागि रोगी बोटहरू उखेलेर नष्ट गर्नुहोस्। प्रकोप ज्यादा देखिएमा खेतमा जमेको पानी निकास गरेपछि २ ग्राम बेभिष्टिन प्रतिलिटर पानीमा मिसाइ ८-१० दिनको फरकमा २-३ पटक बोट भिज्नेगरी छर्कनुहोस्।


- धान रोपेको २५-३० दिनपछि (गाँज आउने समयमा) नेपाल कृषि अनुसन्धान परिषदबाट सिफारिस गरिएको मात्रा अनुसार युरिया टपड्रेस गर्नुहोस्। युरिया मलको विकल्पको रुपमा नानो झोल युरिया ४ एमएल प्रतिलिटर पानीमा मिसाइ सम्पूर्ण पात भिज्नेगरी टपड्रेस गर्ने समयमा छर्कनुहोस्। धानमा टपड्रेस गरिसकेपछि कम्तीमा २४ घण्टासम्म खेतबाट पानी बग्न नदिनुहोस्।
- सबै किसिमका फलफूल तथा तरकारी बालीहरूमा मौसमको अवस्था हेरेर (कडा घाम लागेको, धेरै हावा लागेको, पानी परिरहेको बेला नपारी) मात्र विषादी छर्कनुहोस्। वर्षातको समयमा विषादी छर्कंदा स्टिकर मिसाएर मात्र प्रयोग गर्नुहोस्। साथै विषादी छर्कंदा विशेष सावधानी अपनाउनुहोस्।
- स्याउको फल परिपक्व नहुँदै टिप्दा फलको आकार सानो, स्वाद अमिलो तथा टर्रो, रङ नचढेको, बास्ना नभएको तथा भण्डारणमा स्काल्ड विकृतिले फल खैरो भई गणुस्तर बिग्रने हुँदा सामान्यतया फलमा जात अनुसारको रङ चढी पूर्णरुपमा परिपक्व भई खान तयार भएपछि मात्र टिप्ने गर्नुहोस्।
- मध्यपहाडमा भदौमा लगाउने आलुबालीका लागि खुमल सेतो-३, खुमल रातो-४, कुफ्रिज्योती, डेजिरे, जनकदेव, खुमल उज्ज्वल, खुमल उपहार, खुमल विकासमध्ये उपलब्ध जातको स्वस्थ बीउ भरपर्दो स्रोतबाट व्यवस्था गर्नुहोस्।
- रायोबालीका मनकामना, खुमल चौडा पात, खुमल रातो पात आदि जातहरूको नर्सरी राख्दा पानी जम्ने नबनाउनुहोस्। नर्सरी राख्दा १ वित्ता (१५-२० सेमी) अग्लो र १ मिटर चौडाइको व्याड बनाइ ४ अंगुल (५ सेमी) को फरकमा लाइन कोरेर पातलो गरी बीउ राखी हल्का माटोले पुरेपछि छापो राख्नुहोस्।
- तराई तथा मध्यपहाडमा चालीस दिने र मिनो अर्ली जातको मुला लाइनदेखि लाइनको दूरी ४५ सेमी र बोटदेखि बोटको दूरी २५ सेमी हुनेगरी, २-३ सेमीको गहिराइमा रोप्नुहोस्।
- मध्यपहाडी जिल्लाहरूमा सिमी र बोडीको बीउ उत्पादनका लागि सिफारिस गरिएका जातका बीउहरू मौसमको अवस्था हेरी ड्याङ उठाएर मात्र रोप्नुहोस्।
- खुर्सानीबालीमा ढुसीको कारण बोट ओइलाउने रोग (फाईटोप्थोरा) लागेमा पानी निकासको उचित प्रवन्ध गर्नुहोस्, रोगी बोटहरू हटाउनुहोस्। प्रकोप भएमा कपरयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीमा मिसाइ ७-१० फरकमा २-३ पटक जरा र वरिपरिको माटो भिज्नेगरि छर्कनुहोस्।
- वर्षातको मौसममा ६ महिनाभन्दा बढी उमेरका गाई-गोरूमा साउने (तीन दिने) ज्वरो देखा परेमा फेनाइलब्युटाजोन समूहका औषधीहरू १०-१५ एमएलको सुइ मासुमा एक वा दुईपटक लगाउनुहोस्। ज्वरोको दुखाइ कम गर्न मेलोक्सेकेम इन्जेक्सन १०-१५ एमएल प्राविधिकको सहयोगमा ३ दिनसम्म लगाउनुहोस्।
- वर्षातको समयमा सुरक्षित ओत खोज्दै गोठभित्र पस्ने सर्पहरूबाट पशुचौपायालाई जोगाउन गोठको बाहिरी भागमा वा कुनाकाप्चामा कडा गन्ध आउने फिनाइल छर्कनुहोस्। साथै गोठको वरपर बाबरी, कागती, वा मरिचजस्ता कडा गन्ध आउने बिरुवाहरू रोप्नुहोस्।
- हाल सुँगुर/बंगुरहरूमा अफ्रिकन स्वाइन फिभरको जोखिम बढ्दै गरेको हुँदा फार्महरूमा जैविक सुरक्षाका विधिहरू अपनाउनुहोस्। रोगी बंगुरलाई अलग राख्ने, बंगुरको ओसारपसार तथा आवतजावतमा नियन्त्रण गर्ने र गोठ सरसफाइमा ध्यान दिनुहोस्।
- भल पानीसँगै आइमेरिया रोगका विजाणु बगेर आउने, ट्राउट माछा पालन गरेको रेसवे पोखरीहरूमा मिसिन सक्ने र ट्राउट माछामा पहेंलो छेर्ने रोग देखिनसक्ने हुँदा भल तर्काउनुहोस्। रोग देखापरेमा टोल्ट्राजुरिल १५ एमजी प्रतिकेजी माछाको शारीरिक तौलका दरले दानामा औषधी मिसाइ खुवाउनुहोस्। यो औषधी जम्मा ७ दिन (पहिलो, दोस्रो, तेस्रो, छैठौं, सातौं नवौं र दशौं दिनमा) दानामा मिसाइ खुवाउनुहोस्। साथै रोगसँग लड्ने क्षमता अभिवृद्धि गर्न भिटामिन-सी ०.५ ग्राम प्रतिकेजी दानाको दरले १५ दिनसम्म लगातार खुवाउनुहोस्।
- मौसम सम्बन्धी जिज्ञासाको लागि पैसा नलाग्ने जल तथा मौसम विज्ञान विभागको फोन नम्बर ११५५ मा फोन गर्नुहोस्।
- कृषि र पशुसम्बन्धी जिज्ञासाको लागि पैसा नलाग्ने नार्कको फोन नम्बर ११३५ मा हरेक शुक्रबार साँझ ४ देखि ६ बजेसम्म फोन गर्नुहोस्।

# गत हप्ता (१५-२१ साउन, २०८३) को मौसमी सारांश





**साप्ताहिक वर्षाः** गत साता १०३ वटा मौसम केन्द्रहरूमा मापन गरिएको साप्ताहिक कुल वर्षाको तथ्याङ्क अनुसार देशभरका केन्द्रहरूमा वर्षा मापन भएको छ। साताभर मनसुनी वायुको प्रभाव रहेको छ। बागमती, गण्डकी र कोशी प्रदेशका धेरै केन्द्रहरूमा तथा लुम्बिनी र मधेश प्रदेशका केही केन्द्रहरूमा १००.० मिलिमिटरभन्दा बढी साप्ताहिक वर्षा मापन भएका छन्। देशभरमा वर्षा मापन भएका धेरै केन्द्रहरूमा सरदरभन्दा बढी वर्षा मापन भएको छ। सबैभन्दा बढी कर्णाली प्रदेशको जाजरकोट जिल्लाको जाजरकोट केन्द्रमा २४२.५ मिलिमिटर साप्ताहिक कुल वर्षा मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाइएको रंगले साप्ताहिक वर्षा जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको वर्षालाई साप्ताहिक सरदर वर्षासँगको तुलनात्मक तथ्यांकमा देखाउँछ।




**साप्ताहिक अधिकतम तापक्रमः** गत साता ११७ वटा मौसम केन्द्रहरूमा मापन गरिएको साप्ताहिक औसत अधिकतम तापक्रमको तथ्याङ्क अनुसार देशका धेरै केन्द्रहरूमा सरदरभन्दा कम तापक्रम मापन भएको छ। लुम्बिनी र मधेश प्रदेशका एक-दुई स्थानहरूमा ३५.० डि.से भन्दा बढी र अन्य तराईका स्थानहरूमा ३०.० डि.से भन्दा बढी साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ। मधेश प्रदेशको सिराहा जिल्लाको लाहान केन्द्रमा सबैभन्दा बढी ३७.५ डि.से. साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ।

नक्साको पृष्ठभूमिमा देखाइएको रंगले साप्ताहिक औसत अधिकतम तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।




**साप्ताहिक न्यूनतम तापक्रमः** गत साता ११८ वटा मौसम केन्द्रहरूमा मापन गरिएको साप्ताहिक औसत न्यूनतम तापक्रमको तथ्याङ्क अनुसार देशका धेरै केन्द्रहरूमा सरदरभन्दा बढी तापक्रम मापन भएको छ। तराईका अधिकांश स्थानहरूमा २५.० डि.से भन्दा बढी साप्ताहिक औसत न्यूनतम तापक्रम मापन गरिएको छ। गण्डकी प्रदेशको मुस्ताङ जिल्लामा रहेको थाकमार्फा केन्द्रमा सबैभन्दा कम ९.६ डि.से. साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाइएको रंगले साप्ताहिक औसत तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।

***नोटः*** *(क) सरदर वर्षा भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा १० प्रतिशतभन्दा कम देखि १० प्रतिशतभन्दा बढीको वर्षालाई जनाउँछ।*
*(ख) सरदर अधिकतम/न्यूनतम तापक्रम भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा ०.२ डि.से.भन्दा कम देखि ०.२ डि.से.भन्दा बढीको तापक्रमलाई जनाउँछ।*
*(ग) वर्षा र न्यूनतम तापक्रमको अवधि गत साताको शुक्रबारदेखि बिहीवारसम्म र अधिकतम तापक्रमको अवधि गत साताको बिहीवारदेखि बुधवारसम्मको तथ्यांकलाई लिएर नक्सा तयार गरिएको छ।*

# आगामी साता (२२-२८ साउन २०८३) को मौसमी परिदृश्य

| प्रदेश | भौगोलिक क्षेत्र | वर्षा/ हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने अवस्था | महत्वपूर्ण मौसम | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| कोशी प्रदेश | हिमाल/ उच्च पहाड | मध्यम/भारी हिमपात/वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | | साताको सुरूमा केही स्थानमा, मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको सुरूमा एक-दुई स्थानमा, मध्य र अन्त्यमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना |
| | पहाड | मध्यम/भारी देखि धेरै भारी वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा केही स्थानमा, मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरूमा एक-दुई स्थानमा, मध्य र अन्त्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना, साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा धेरै भारी वर्षाको पनि सम्भावना |
| | तराई | मध्यम/भारी वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा थोरै स्थानमा, मध्य र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको मध्यमा थोरै स्थान, अन्त्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| मधेश प्रदेश | तराई | मध्यम/ भारी वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा थोरै स्थानमा र मध्यमा धेरै स्थानमा तथा अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| बागमती प्रदेश | हिमाल/ उच्च पहाड | मध्यम/भारी हिमपात/वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | | साताको सुरूमा केही स्थानमा, मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा, मध्यमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना |
| | पहाड | मध्यम/भारी देखि धेरै भारी वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा केही स्थानमा, मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा, मध्यमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना; साताको मध्यमा एक-दुई स्थानमा धेरै भारी वर्षाको पनि सम्भावना |
| | तराई | मध्यम/भारी देखि धेरै भारी वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा थोरै स्थानमा, मध्य र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको मध्यमा एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना |
| गण्डकी प्रदेश | हिमाल/ उच्च पहाड | मध्यम/भारी हिमपात/वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | | साताको सुरूमा केही स्थानमा, मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा, मध्यमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना |
| | पहाड | मध्यम/भारी देखि धेरै भारी वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा केही स्थानमा, मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा, मध्यमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना; साताको मध्यमा एक-दुई स्थानमा धेरै भारी वर्षाको पनि सम्भावना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तराई | मध्यम/भारी वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा थोरै स्थानमा, मध्य र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको मध्यमा एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना |
| **लुम्बिनी प्रदेश** | हिमाल/ उच्च पहाड | मध्यम/भारी हिमपात/वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | | साताको सुरू र अन्त्यमा थोरै स्थानमा, मध्यमा केही स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको मध्यमा एक-दुई स्थानमा भारी वर्षा/हिमपातको सम्भावना |
| | पहाड | मध्यम/भारी वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरू र अन्त्यमा थोरै स्थानमा, मध्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको मध्यमा एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको पनि सम्भावना |
| | तराई | मध्यम/भारी वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरू र अन्त्यमा थोरै स्थानमा, मध्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको मध्यमा एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको पनि सम्भावना |
| **कर्णाली प्रदेश** | हिमाल/ उच्च पहाड | मध्यम/भारी हिमपात/वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | | साताको सुरूमा थोरै स्थानमा, मध्यमा धेरै र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी वर्षा/हिमपातको सम्भावना |
| | पहाड | मध्यम/भारी वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा थोरै स्थानमा, मध्यमा धेरै र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| **सुदूरपश्चिम प्रदेश** | हिमाल/ उच्च पहाड | मध्यम/भारी हिमपात/वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | | साताको सुरूमा थोरै स्थानमा, मध्यमा धेरै र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना; साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी वर्षा/हिमपातको सम्भावना |
| | पहाड | मध्यम/भारी वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | मेघगर्जन/ चट्याङ | साताको सुरूमा थोरै स्थानमा, मध्यमा धेरै र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| | तराई | मध्यम/भारी वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साधारणतया बादल | मेघगर्जन /चट्याङ | साताको सुरूमा थोरै स्थानमा, मध्य र अन्त्यमा केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना; साताको मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |

***नोटः*** *साताको सुरूले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहीबारलाई जनाउँछ। मौसम पूर्वानुमानसम्वन्धी विस्तृत जानकारीको लागि हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट* http://www.dhm.gov.np/mfd *हेर्नुहोस्।*

# कृषि सल्लाह

## खाद्यान्नबाली

- धानबालीमा हरियो मलको रूपमा तयार भएको एजोला २० केजी प्रतिकठ्ठा वा ३० केजी प्रतिरोपनीका दरले प्रयोग गर्नुहोस्। एजोला वृद्धिको लागि कम्तीमा १० दिनसम्म धानखेतमा पानीको गहिराइ ५-१० सेमी कायम गर्नुहोस्, साथै खेतबाट पानी तथा एजोला बगेर जान नदिनुहोस्।
- असार महिनामा लगाइएको र खेतमा राम्रोसँग ढाकेको अवस्थाको एजोलालाई धानको पहिलो गोडाइमा राम्रोसँग माटोमा मिलाउनुहोस् / गाडिदिनुहोस्।
- २१-२५ दिन भैसकेको धानको बेर्ना प्रतिरोपो २-३ वटाको दरले रोप्नुहोस्। हारदेखि हार २० सेन्टिमिटर र रोपो देखी रोपो १५ सेन्टिमिटर दूरीमा र सूचीकृत गरिएका बर्णशंकर धान १ गोटा बेर्नाको दरले हारदेखि हार २० सेन्टिमिटर र रोपोदेखि रोपो २० सेन्टिमिटर दूरीमा रोप्नुहोस्।
- धानको टपड्रेसको लागि नेपाल कृषि अनुसन्धान परिषदबाट अध्यावधिक गरिएको सिफारिस युरियाको मात्रा अनुसूची-२ अनुसार प्रयोग गर्नुहोस्। युरिया मलको विकल्पको रुपमा नानो झोल युरिया (Nano liquid urea) ४ एमएल प्रतिलिटर पानीमा मिसाइ सम्पूर्ण पात भिज्नेगरी टपड्रेस गर्ने समयमा छर्कनुहोस्। धानमा टपड्रेस गरिसकेपछि कम्तीमा २४ घण्टासम्म खेतबाट पानी बग्न नदिनुहोस्।
- धानबालीमा मलखाद व्यवस्थापनको लागि नेपाल कृषि अनुसन्धान परिषदबाट अध्यावधिक गरिएको सिफारिस मात्रा (अनुसूची-२) अनुसार प्रयोग गर्नुहोस्।
- सुख्खा छरुवा धानमा साथै रोपेको धानमा झारपात व्यवस्थापनको लागि बिस्पाइरिबेक (Bispyribac Sodium 10 % SC) २५ लिटर पानीमा १२ एमएलको दरले एक रोपनीमा वा १७ लिटर पानीमा ८ एमएलको दरले एक कठ्ठामा धान छरेको १५-२५ दिनभित्र माटोमा छिपछिपे पानी भएको अवस्थामा फ्लाट फ्यान नोजलको प्रयोगले स्प्रे गर्नुहोस्।
- लाईनमा लगाईएको धान गोडमेल गर्न कोनो वीडर प्रयोग गर्नुहोस्।
- धानखेतमा गबारो कीराको कारण गुबो मर्ने समस्या हुने भएकोले नियमित अनुगमन गर्नुहोस्। खेतमा ५% मृत गुबा वा प्रतिमिटर कीराको फुलको एउटा झुण्ड वा प्रतिमिटर एउटा बयस्क कीरा भएमा मात्र व्यवस्थापनका विधिहरू अपनाउनुहोस्। वयष्क गबारो कीरा साँझको समयमा खेतमा वा राति बत्तीको आसपास देखिन्छ; यिनीहरूले पातको टुप्पोको तल्लो भागमा अण्डा पार्ने भएकोले अवलोकन गरी नष्ट गर्नुहोस्।
- धान रोपेको २-३ हप्तापछि खेतमा निरन्तर पानी जमेको अवस्थामा धानबालीमा फेद कुहिने रोग लाग्ने हुनाले नियमित अवलोकन गर्नुहोस्। नियन्त्रणको लागि रोगी बोटहरू उखेलेर नष्ट गर्नुहोस्। प्रकोप ज्यादा देखिएमा खेतमा जमेको पानी निकास गरेपछि २ ग्राम बेभिष्टिन प्रतिलिटर पानीमा मिसाइ ८-१० दिनको फरकमा २-३ पटक बोट भिज्नेगरी छर्कनुहोस्।



चित्रः धानबालीमा फेद कुहिने रोग

- २५-३० दिन भैसकेका कोदोका बेर्ना रोप्नुहोस्। जग्गा तयारीको बेलामा ५०० केजी कम्पोष्ट, १.५ केजी युरिया; ३.३ केजी डिएपी; १.७ केजी म्युरेट अफ पोटास प्रतिरोपनीका दरले माटोमा राम्ररी मिलाउनुहोस्।


- भटमास बालीको जरा कुहिने रोग व्यवस्थापनको लागि पानी निकासको उचित व्यवस्था गर्नुहोस्। साथै, रोग देखिएमा कार्वेन्डाजिमयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीको दरले ड्रेन्चिङ गर्नुहोस्।
- तराई, भित्री मधेश तथा मध्यपहाडका टार तथा होचा क्षेत्रहरूमा मास लगाउने समय भएकोले खेतको आली तथा पानी नजम्ने जग्गामा सिफारिस गरिएका वा उपलब्ध स्थानीय जातहरू लगाउनुहोस्।
- गहत बालीको लागी १.५ केजी प्रतिरोपनी वा १ केजी प्रतिकठ्ठाको दरले एक हारदेखि अर्को हारको दूरी ३० देखि ४० सेमी र एक बोटदेखि अर्को बोटको दूरी ५ सेमी कायम गरी रोप्नुहोस्।
- गहत बाली लगाउन जग्गा तयारीको बेला ५०० केजी कम्पोष्ट; ४७० ग्राम युरिया; ४.४ केजी डिएपी; २.१ केजी म्युरेट अफ पोटास प्रतिरोपनीका दरले अथवा ३५० केजी कम्पोष्ट; ३०० ग्राम युरिया; ३ केजी डिएपी; १.४ केजी म्युरेट अफ पोटास प्रतिकठ्ठाका दरले माटोमा राम्ररी मिलाउनुहोस्।


चित्रः भटमास बालीमा जरा कुहिने रोग

## फलफूलबाली

- मनसुनी वर्षाको समय भएकोले सबै फलफूलका बगैंचामा सरसफाइ र झारपात व्यवस्थापनका साथै पानी निकासको उचित व्यवस्था गर्नुहोस्।
- सबै किसिमका फलफूल तथा तरकारी बालीहरूमा मौसमको अवस्था हेरेर (कडा घाम लागेको, धेरै हावा लागेको, पानी परिरहेको बेला नपारी) मात्र विषादी छर्कनुहोस्। विषादी छर्कंदा विशेष सावधानी अपनाउनुहोस्।
- फलफूल बालीका नर्सरीहरूमा कलमी गरिएको भागभन्दा तलबाट आएका चोर हाँगाहरू काँटछाँट गर्नुहोस्।
- लिची फलमा बोटको फेदबाट १ मिटर टाढा घेरा बनाइ ३० केजी कम्पोष्ट मल, २ केजी पिना, ३०० ग्राम डिएपी, ३०० ग्राम युरिया र २०० ग्राम म्युरेट अफ पोटास प्रतिबोट राख्नुहोस्।
- आरु, आरुवखडा, खुर्पानीमा पानी नपरेको दिनमा ईन-सिटु चिप बडिङ्ग गरी ०.५ प्रतिशतको बोर्डो मिश्रण छर्कनुहोस्।
- आँपमा इनारचिङ विधिबाट कलमी गर्ने उपयुक्त समय भएकोले कलमी गर्नुहोस् र नर्सरीमा उच्च आर्द्रता (८०-९० प्रतिशत) कायम गर्नुहोस्।

### आँपमा स्टोन/इपिकोटायल ग्राफ्टिङ्ग गर्ने तरिका



चित्र: स्टोन/इपिकोटायल ग्राफ्टिङ गर्ने तरिका

यो तरिकामा स्थानीय जातका आँपका कोयालाई नर्सरी व्याडमा उमारिन्छ। बेर्ना उम्रिएको १०-१५ दिन भित्रमा पातको रंग तामाको जस्तो भएको हुन्छ र पूरा आकार लिइसकेको हुदैन। यस्तो उमेरमा बेर्ना कोया सहित उखेलिन्छ र १५ सेमी उचाई र १० सेमी व्यासको पोलिव्यागमा सारिन्छ। ८-१० सेमी लामो, स्वस्थ, २-३ महिना पुरानो, ३-४ आँख्ला भएको सायनलाई ग्राफ्टिङ्ग गर्नु भन्दा ७ दिन अघि नै पातहरू हटाइ तयार गर्नुहोस्। ग्राफ्टिङ्ग गर्ने दिनमा माउ बोटबाट सायनलाई काटेर ल्याई तल्लो टुप्पोमा ३-४ सेमी लामो हलोको फाली आकार हुने गरि काट्नुहोस्। रुटस्टकको करिब ८-१० सेमी उचाईबाट काटेर टुप्पा हटाउनुहोस्। यसरी छुट्याइएको रुटस्टकको टुप्पाको माझबाट लाग्ने चक्कुले ३-४ सेमी लामो V आकारको चिरा हुने गरी काट्नुहोस्। सायनलाई रुटस्टकको टुप्पामा बनाइएको चिरामा घुसारेर ३ सेमी जति चौडा प्लाष्टिकको टेपले पानी नछिर्ने गरि बाँध्नुहोस्। यसरी तयार गरिएको कलमी बिरुवालाई ८०-९० प्रतिशत आर्द्रता कायम हुने गरि बेला-बेलामा पानी छर्की छायाँदार ठाँउमा हुर्काउनुहोस्। १ महिनाभित्र जोडिएको कलमीको आँख्लाबाट टुसा आउन थाल्दछ। यसरी तयार भएको बेर्नालाई अर्को वर्षको वर्षायाममा सार्नुहोस्।

- सुन्तलाजात फलफूल तथा हलुवाबेदको जरा कुहिने समस्याको व्यवस्थापनको लागि १% बोर्डो मिश्रण वा कार्बेन्डाजिमयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीमा घोली १२-१५ दिनको फरकमा बोटको पुरै जरा भिज्नेगरी २-३ पटक ड्रेन्चिङ गर्नुहोस्।
- सुन्तलाजात फलफूलको बोटको टुप्पो सुक्दै आउने, जरा र फेद कुहिने, पहेंलिने, बोट मर्ने रोग देखिएमा यसको व्यवस्थापनको लागि निम्न विधिहरू अपनाउनुहोस्।
  - रोगी बोटहरूको पातको नमुना लिई मान्यता प्राप्त प्रयोगशालाहरूमा सिट्रस ग्रिनिंग रोग (ब्याक्टेरियाजन्य) तथा सिटिभी (भाइरसजन्य) रोग लागे-नलागेको परीक्षण गराउनुहोस्।
  - सुन्तलाको फेद कुहिने समस्याको लागि एन्टिरट १०-१५ एमएल प्रतिलिटर पानीमा घोली वृद्दि भइसकेको पातमा १२ लिटर प्रतिबोटको दरले बोटको पुरै पात भिज्नेगरी छर्कनुहोस्। यदि १ वर्ष पुरानो बोट हो भने ५-१० एमएल प्रतिलिटर पानीमा घोली छर्कनुहोस्।


चित्रः सुन्तलाको बोटमा धुले ढुसीको असर

- सुन्तलाजात फलफूलमा लाग्ने धुले ढुसी रोग (Powdery mildew) को व्यवस्थापनको लागि रोगग्रस्त हाँगाहरू काँटछाँट गरी वगैंचाको सरसफाइ गर्नुहोस्।
- सुन्तलाजात फलफूलको क्याङकर (Citrus canker) रोगको समयमा नै पहिचान र उचित व्यवस्थापन गर्न सकिएन भने ठूलो आर्थिक क्षति हुन जान्छ। जीवाणु भित्र पसेको ठाँउमा पात, फल वा कलिला हाँगामा अत्यधिक कोशिकाको संख्या वृद्धि भएर खत (canker) देखापर्छ र खतहरू छिप्पिँदै गएपछि खैरो रङमा परिणत हुन्छन्। यस रोगको व्यवस्थापनका लागि बगैंचा सफा राख्ने, हिउँदमा रोगी हाँगाहरू काँटछाँट गरी हटाइ जलाइदिने, काँटछाँटपछि कपर अक्सिक्लोराइड ३ ग्राम प्रतिलिटरको दरले पुरै बोट भिज्नेगरी छर्कने, फेद वरिपरि सफा पारेर १ देखि १.५ हातसम्म बोर्डो पेस्टले लेपिदिने, वर्षा सुरू हुनुअगावै नयाँ पालुवा आउन लागेको बेलामा एकपटक र वर्षायाममा २-३ पटक १ प्रतिशतको बोर्डो मिश्रण स्प्रे गर्नुहोस्।


चित्रः सुन्तलाको क्याङ्कर

- सुन्तलाजात फलफूल बालीमा लाग्ने कत्ले कीरा व्यवस्थापनको लागी सामान्य प्रकोप भएका हाँगा पातहरू जलाइदिने तथा कीरा लागेको ठाँउमा कपडा/कपासले राम्ररी पुछ्नुहोस्। प्रकोप ज्यादा भएमा खनिज तेल ५-८ एमएल प्रतिलिटर पानीको दरले घोली ७ दिनको फरकमा कत्ले कीरा लागेको स्थानमा छर्कनुहोस्।
- सुन्तलाजात फलफूल बालीमा हरियो गह्राउने पतेरो कीराका बयस्कहरूले फलको सतह र फलको भेट्नोनिर बसेर रस चुस्दछन्, फलस्वरुप कीराले रस चुसेका फलहरू केही दिनभित्रै भुईंमा झर्दछन्। चुसेका फलहरू परिपक्व नहुँदै शतप्रतिशत झर्दछन्। कीरा व्यवस्थापनको लागी अण्डा अवस्था, पहिलो, दोश्रो र तेश्रो बच्चा अवस्थामा रहेकै समयमा इमिडाक्लोप्रिड (Imidacloprid 17.8% SL) नामक विषादी ०.५ एमएल प्रतिलिटर पानीको दरले मिसाएर १५ दिनको फरकमा पुरै बोट भिज्नेगरी छर्कनुहोस्।


चित्रः सुन्तलाजात फलफूलमा पतेरो कीरा

- जुनार तथा सुन्तलाको फल चुस्ने चुसाहा पुतली कीराको प्रकोप हुनसक्ने भएकोले बगैंचाको नियमित अनुगमन गरी सरसफाइ गर्नुहोस्, झरेका फलहरू संकलन गरी नष्ट गर्ने, बगैचामा धुवाँको व्यवस्था गरी कीरा धपाउने, बत्तीमा आकर्षित गरी पुतली नष्ट गर्ने, साथै प्रकोप ज्यादा भएमा मालाथियन २ एमएलको घोलमा १०० ग्राम सख्खर मिसाएर छर्कनुहोस्।


चित्रः जुनार सुन्तलाको फल चुस्ने चुसाहा पुतली र प्रकोप

- सुन्तलाजात फलफूल बालीहरूमा पात खन्ने (Leaf miner) कीराको नोक्सानी कम गर्न ४ भाग पानीमा गाईको गहुँत वा नीमको पातको झोल १ भाग मिसाइ ५ दिनको फरकमा ३ पटक छर्नुहोस्। साथै व्यावसायिक खेती गर्ने कृषकहरूले रोगर इमामेक्टिन बेन्जोएट ५% एसजी, ०.४ ग्राम प्रतिलिटर पानीमा घोलेर ७ दिनको फरकमा ३ पटक छर्कनुहोस्।
- सुन्तलाजात (जुनार, निबुवा, भोगटे, सुन्तला) फलफूलमा फल कुहाउने औँसा कीरा (चिनिया औँसाकीरा, Bactrocera minax) ले मसिना फलहरूमा फुल पार्न अनुकूल वातावरण भएकोले कीरा व्यवस्थापनको लागि १ भाग प्रोटीन बेटलाई २ भाग पानीमा मिसाइ प्रत्येक ३ बोटमध्ये १ बोटमा पातको तल्लोपट्टि ५० वर्ग सेमी क्षेत्रफलमा पर्नेगरी साउन महिनासम्म १० दिनको फरकमा छर्कनुहोस्।



चित्रः केराको गानो कुहिने रोग

- यस समयमा केरामा प्रशस्त नयाँ कोथा आउने भएकोले नियमित अवलोकन गरी हरेक झाङमा २ वटा कोथा मात्र राखी बाँकी कोथा हटाउनुहोस्।
- केराको गानो कुहिने रोग लाग्न नदिन केरा खेती गरेको जग्गामा पानी निकासको उचित व्यवस्था गर्नुहोस्। साथै रोग व्यवस्थापनको लागि कार्बेन्डाजिमयुक्त विषादी १ लिटर पानीमा २ ग्राम घोली बोटको फेद भिज्नेगरी ड्रेन्चिङ गर्नुहोस्।
- केरामा गवारो तथा घुन कीराबाट हुने नोक्सानी कम पार्न बगैंचाको सरसफाइ गर्ने, एउटा गाँजमा ३ वटासम्म मात्र बोट राख्ने र प्रत्येक गाँजमा फिप्रोनिल ०.३ जीआर, ३० ग्राम गाँजको वरिपरि रिङ आकारमा कुलेसो बनाइ माटोमा राम्रोसँग मिलाइदिनुहोस्।
- केराको कोसालाई नोक्सानी गर्ने कोत्रे कीरा व्यवस्थापनको लागि गहुँत (१ भाग गहुँत र ४ भाग पानीमा मिसाएको झोल) वा नीमजन्य विषादी ५ एमएल प्रतिलिटर पानीमा मिसाइ छर्कनुहोस्। नोक्सानी धेरै भएमा साइपरमेथ्रिन (१०% ईसी) २ एमएल प्रतिलिटर पानीमा मिसाएर सात दिनको फरकमा ३ पटकसम्म केराको थाम भिज्नेगरी छर्कनुहोस्।



चित्र: ड्रागन फ्रुटको बोटमा डाँठमा कुहिएको

- वर्षायाम वा उच्च आर्द्रताको अवस्थामा ड्रागन फ्रुटमा डाँठ कुहिने रोगको जोखिम बढी हुने भएकाले व्यवस्थापनको लागि सुरूवाती लक्षण देखिनेबित्तिकै रोगग्रस्त डाँठको रोगी भाग राम्रोसँग हटाएर सफा गर्नुहोस्। काटिएको घाउमा तामाजन्य विषादी (जस्तैः Crop Copper Paste 3000 ppm) एकनासले लेपन (पेस्टिङ) गर्नुहोस्। पहिलो काँटछाँटपछि तुरून्तै उक्त विषादीको लेपन गर्नुहोस् र त्यसपछि ३० दिनको फरकमा ४ पटकसम्म प्रयोग गर्नुहोस्।





- ड्रागन फ्रुटको डाँठ तथा फलमा लाग्ने क्याङ्कर रोग व्यवस्थापनको लागि फ्लुजिनाम विषादी २ एमएल वा ट्याबुकोनाजोल ५०% र ट्राइफलोक्सिस्ट्रोबिन २५% मिश्रित ढुसीनाशक विषादी ०.५ ग्राम प्रतिलिटर पानीका दरले रोगग्रस्त डाँठको सम्पूर्ण भाग भिज्नेगरी १५ दिनको फरकमा ४ पटकसम्म प्रयोग गर्नुहोस्।
- स्याउको जरा कुहिने रोग व्यवस्थापनको लागि बगैंचा तथा नर्सरीमा पानी जम्न नदिनुहोस्। जरा कुहिएको संकास्पद बोटको वरिपरि १% को बोर्डो मिश्रणको झोल बनाइ ड्रेन्चिङ गर्नुहोस् तथा ट्राइकोडर्मा २ ग्राम प्रतिलिटर पानीमा मिसाइ स्प्रे गर्नुहोस्।
- स्याउको फल परिपक्व नहुँदै टिप्दा फलको आकार सानो, स्वाद अमिलो तथा टर्रो, रङ नचढेको, बास्ना नभएको तथा भण्डारणमा स्काल्ड विकृतिले फल खैरो भई गणुस्तर बिग्रने हुँदा सामान्यतया फलमा जात अनुसारको रङ चढी पूर्णरुपमा परिपक्व भई खान तयार भएपछि मात्र टिप्ने गर्नुहोस्।

- स्याउको रातो सुलसुले व्यवस्थापनको लागि स्पाइरोमेसिफेन (२२.९% एससी) १ एमएल प्रतिलिटर पानीमा मिसाइ स्प्रे गर्नुहोस् वा डाइमेथोएट (३५% ईसी) १.५ एमएल प्रतिलिटर पानीमा मिसाइ बोट भिज्नेगरी छर्कनुहोस्।
- स्याउमा लाग्ने कत्ले (स्यानजोस) कीरा व्यवस्थापनको लागि १% को बोर्डो मिश्रण (१० ग्राम नीलोतुथो र १० ग्राम चुन प्रतिलिटर पानी) बोट भिज्नेगरी छर्कनुहोस्। प्रकोप बढी भएमा चोर हाँगाहरू हटाइ खनिज तेल ५ एमएल प्रतिलिटर पानीमा मिसाइ बोट भिज्नेगरी छर्कनुहोस्।
- स्याउको बोक्रा खुइलिने रोग (Papery bark disease) को व्यवस्थापनको लागि हिउँदको समय, जेठ तथा साउनमा पुरै बोट भिज्नेगरी १% को बोर्डो मिश्रण छर्कनुहोस्। रोगी हाँगा, काँटछाँट गर्दा बनेका घाउ र बोटको काण्डमा बोर्डोपेष्ट (१०० ग्राम नीलोतुथो तथा १०० ग्राम चुन प्रतिलिटर पानी) बनाइ लगाउनुहोस्।
- स्याउमा लाग्ने धूले ढुसी रोग (Powdery mildew) को व्यवस्थापनको लागि चोर हाँगाहरू काँटछाँट गरी बगैंचाको सरसफाइ गर्नुहोस्। डाउनोक्याप (४८% इ सी) ३ एमएल प्रतिलिटर पानीमा मिसाएर छर्कनुहोस् अथवा लाइम सल्फर (२२% एस सी) २ ग्राम प्रतिलिटर पानीमा मिसाइ छर्कनुहोस्।

### कफीबाली

- कफी नर्सरीमा ०.५ प्रतिशतको बोर्डोमिश्रण बनाई पातको भित्र बाहिर एकनासले पर्नेगरी छर्कनुहोस्।
- नयाँ कफी रोपणको लागि कम्तीमा ६ जोडी पात भएका स्वस्थ्य कफीको बिरूवा छनोट गरी १.५ फिट गहिराइ र चौडाइ भएको खाडलमा माथिल्लो तहको माटो र मल मिलाएर खाडल भरी बेर्ना सार्नुहोस् र अस्थायी छहारी दिनुहोस्।
- ४-५ वर्ष पुराना कफी बगैंचामा घुसुवा तथा अन्तरबालीको रुपमा कोसेबाली वा मसलाबाली लगाउनुहोस्।

## तरकारीबाली

- तरकारी बालीका बेर्नालाई जोगाउन खर, पराल वा प्लाष्टिकको छानो राख्नुहोस्।
- मध्यपहाडमा भदौमा लगाउने आलुबालीका लागि खुमल सेतो-३, खुमल रातो-४, कुफ्रिज्योती, डेजिरे, जनकदेव, खुमल उज्ज्वल, खुमल उपहार, खुमल विकासमध्ये उपलब्ध जातको स्वस्थ बीउ भरपर्दो स्रोतबाट व्यवस्था गर्नुहोस्।
- उच्च पहाडमा लगाएको आलुबालीमा पानी निकासको व्यवस्था गर्नुहोस्। परिपक्व भइसकेको आलु मौसमको अवस्था हेरी खन्नुहोस्।
- खनेको आलुलाई अँध्यारो, सुख्खा र चिसो (१०-१५°C) ठाउँमा काठका बाकस, प्लाष्टिकका क्रेट वा न्याकमा फिंजाएर ३ तहसम्म मिलाएर दुई हप्तासम्म राख्नुहोस्। यसरी राख्दा दुई तहको बीचमा पत्रिका ओछ्याएर राख्नुहोस्। बोक्रा बाक्लो भएका, राम्रोसँग ओभाएका, चोटपटक नलागेका, नकुहिएका र रोग नलागेका, २५ देखि ५० ग्राम तौल भएका आलुका दानालाइ बीउको रूपमा छनोट गर्नुहोस्।
- स्थानीयरुपमा घरमा नै भण्डारण गरेको आलुलाई पुतलीको नोक्सानीबाट जोगाउन बोझोको गानोको धूलो २ ग्राम प्रतिकेजी आलुका दरले मिसाएर भण्डारण गर्नुहोस्।
- मध्यपहाडी क्षेत्रका बारीमा सुन्तले सखरखण्ड-१, सुन्तले सखरखण्ड-२ लगायत अन्य उपलब्ध सखरखण्डका जातहरू रोप्नुहोस्।
- रायोबालीका मनकामना, खुमल चौडा पात, खुमल रातो पात आदि जातहरूको नर्सरी राख्दा पानी जम्ने नबनाउनुहोस्। नर्सरी राख्दा १ वित्ता (१५-२० सेमी) अग्लो र १ मिटर चौडाइको व्याड बनाइ ४ अंगुल (५ सेमी) को फरकमा लाइन कोरेर पातलो गरी बीउ राखी हल्का माटोले पुरेपछि छापो राख्नुहोस्।
- तराई तथा मध्यपहाडमा चालीस दिने र मिनो अर्ली जातको मुला लाइनदेखि लाइनको दूरी ४५ सेमी र बोटदेखि बोटको दूरी २५ सेमी हुनेगरी, २-३ सेमी को गहिराइमा रोप्नुहोस्।
- मुला तथा गाँजर लगाइएको स्थानमा पानी जमेमा कुहिने समस्या देखिन सक्ने हुनाले पानी निकासको उचित ब्यबस्था गर्नुहोस्।

- मध्यपहाडी जिल्लाहरूमा सिमी र बोडीको बीउ उत्पादनका लागि सिफारिस गरिएका जातका बीउहरू मौसमको अवस्था हेरी डयाङ उठाएर मात्र रोप्नुहोस्।
- मध्यपहाडी जिल्लाहरूमा काउलीका अगौटे जातहरूः सिल्भर कप ६०, ह्वाइट टप, सुपर ह्वाइट टप, तराई १ र तराई २ तथा खुमल ज्यापू काउलीको नर्सरी राख्नुहोस्। प्रतिवर्गमिटर ब्याडमा बेभिष्टिन ५-६ ग्रामका दरले माटोमा मिसाइ बीउ राख्नु ३-४ दिन अगाडि माटोको उपचार गर्नुहोस्। नर्सरी राख्दा १ वित्ता (१५-२० सेमी) अग्लो व्याड बनाइ ४ अँगुलको फरकमा लाइन कोरेर पातलो गरी बीउ राखी हल्का माटोले पुरेपछि छापो राख्नुहोस्। झरी पर्ने समय भएकोले बेर्नालाई जोगाउन नर्सरीमा खर, पराल वा प्लाष्टिकको छानो राख्नुहोस्।




चित्रः तराई काउली-१

- सेटबाट बेमौसमी प्याज उत्पादन गर्न २ सेमी व्यास भएको प्याजको सेट एक लाइनदेखि अर्को लाइनको दूरी १५ सेमी र एक बोटदेखि अर्को बोटको दूरी १५ सेमी हुनेगरी रोप्नुहोस्।
- खुर्सानीबालीमा ढुसीको कारण बोट ओइलाउने रोग (फाईटोप्थोरा) लागेमा पानी निकासको उचित प्रवन्ध गर्नुहोस्, रोगी बोटहरू हटाउनुहोस्। प्रकोप भएमा कपरयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीमा मिसाइ ७-१० फरकमा २-३ पटक जरा र वरिपरिको माटो भिज्नेगरि छर्कनुहोस्।


चित्रः खुर्सानीबालीमा ढुसीको कारण बोट ओइलाउने (फाईटोप्थोरा) रोग

- भण्टाको डाँठ तथा फलको गबारो व्यवस्थापनको लागि गवारोको कारण ओईलिएको मुन्टा, पात तथा फल टिपी नष्ट गर्नुहोस्। क्लोरानट्रानिलिप्रोल १८.५ एससी, ०.३ अथवा स्पिनोस्याड ४५% एससी, ०.३ एमएल प्रतिलिटर पानीमा मिसाइ छर्कनुहोस्।
- गोलभेंडामा क्याल्सियम सूक्ष्म तत्वको कमीले फल पाक्नुभन्दा पहिले फलको टुप्पोबाट कुहिने समस्या (Blossom end rot) आउने भएकोले बाली लगाउनुभन्दा पहिले सन्तुलित मलको प्रयोग गर्नुहोस्। यस्तो समस्या भइरहने ठाँउहरूमा विरुवा रोप्नुभन्दा पहिले प्रतिबोट एक मुठी अण्डाको बोक्रा वा सिफारिस मात्रामा कृषि चूनको प्रयोग गर्नुहोस्।
- प्लाष्टिक घरमा खेती गरिएको गोलभेंडामा पात खन्ने कीरा (Tuta absoluta) लाई फेरोमोन ट्र्याप वा स्टिकी ट्र्याप प्रतिरोपनी २ वटाको दरले राखी अनुगमन गर्नुहोस्। बत्तीको पासोको प्रयोग गरी वयस्क कीराहरू संकलन गरी नष्ट गर्नुहोस्। कीरा लागेको सुरुको अवस्थामा ब्यासिलस थुरिन्जीनेसिस २ ग्राम प्रतिलिटर पानीमा घोलेर साँझपख बोट भिज्नेगरी छर्कनुहोस्। कीराबाट धेरै नोक्सानी भएमा क्लोरएन्ट्रानिलिप्रोल (Chlorantraniliprole 18.5 % SC) वा स्पिनोसाड (Spinosad 45% SC) ०.३५ एमएल प्रतिलिटर पानीमा घोलेर छर्कनुहोस्। एउटै विषादी निरन्तर प्रयोग नगरी आलोपालो प्रयोग गर्नुहोस्।
- गोलभेंडामा अगौटे डढुवा रोग फैलिन नदिन रोगग्रस्त बोटहरू काँटछाँट गरी हावा खेल्ने ठाउँ बनाउनुहोस्। रोगी हाँगा र पातहरू टिपेर उचित व्यवस्थापन गर्नुका साथै साफ विषादी तथा सेक्टिन (Sectin-60WG) विषादी आलोपालो गरी हप्ता दिनको फरकमा २ एमएल पानीको घोलमा मिसाएर २-३ पटकसम्म सम्पूर्ण बोटहरू भिज्नेगरी छर्केर उपचार गर्नुहोस्।


चित्रः गोलभेंडाको अगौटे डढुवा रोग

## अन्य

- सयपत्री फूल खेती गरिने जग्गा राम्रोसँग तयार गरी प्रतिरोपनी १.५ देखि २ मेट्रिक टन राम्रोसँग पाकेको गोबरमल, ६ केजी युरिया, ९ केजी डिएपी, ७ केजी म्युरेट अफ पोटास मल प्रयोग गरी हारदेखि हार ५० सेमी र बोटदेखि बोट ४०-५० सेमीको दूरीमा तयार भएको बेर्ना सार्नुहोस्।
- अदुवा र अलैंची बालीको गानो कुहिने रोगको प्रकोप व्यवस्थापनको लागि कार्बेन्डाजिमयुक्त विषादी १ लिटर पानीमा २ ग्राम घोली बोटको फेद भिज्नेगरी ड्रेन्चिङ गर्नुहोस्।
- फागुन-चैतमा लगाइएको अदुवा बालीको गानो (बुढी) निकाल्नुहोस्।
- वर्षातको समयमा मौरी घारमा खाना (मह र पराग) छ, छैन नियमित अनुगमन गर्नुहोस्। यो समयमा मौरीलाई चरन कम हुने भएकोले चिनी चास्नी बनाएर खुवाउनुहोस्। साथै कमिलाको नोक्सानीबाट जोगाउन घार राखेको स्ट्यान्डको सबै खुट्टाहरूमा कचौरा/प्लास्टिकको बट्टामा पानी राख्नुहोस्।
- मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नुहोस्। तापक्रम र आर्द्रतामा घटबढ भइरहँदा मौरीको छाउरामा कुहिने रोग (Foul brood disease) लाग्ने सम्भावना हुने भएकोले मौरी घारको नियमित अनुगमन गर्नुहोस्।
- यस मौसममा शंखे (चित्र-क) तथा चिप्ले कीरा (चित्र-ख) हरूले नेपालको तराई तथा पहाडी क्षेत्रमा तरकारी बाली तथा फलफुलका बिरुवामा निकै क्षति पुर्‍याउने गरेको छ। यिनीहरू मध्य बैशाखदेखि देखिन थाल्ने, असार-श्रावणमा संख्यामा वृद्धि भई अत्याधिक क्रियाशील हुने र मध्य भाद्रबाट हराएर जाने पाईएको छ।



चित्र-कः शंखे कीरा



चित्र-खः चिप्ले कीरा



चित्र-गः जुनकिरीको लार्भा

## पशुपालन

### गाई, भैंसी, भेडा, बाख्रा

- वर्षातको मौसममा ६ महिनाभन्दा बढी उमेरका गाई-गोरूमा साउने (तीन दिने) ज्वरो देखा परेमा फेनाइलब्युटाजोन समूहका औषधीहरू १०-१५ एमएलको सुइ मासुमा एक वा दुईपटक लगाउनुहोस्। ज्वरोको दुखाइ कम गर्न मेलोक्सेकेम इन्जेक्सन १०-१५ एमएल प्राविधिकको सहयोगमा ३ दिनसम्म लगाउनुहोस्।
- वर्षातको समयमा पशुचौपायाको खुट्टाको कापमा घाउ हुने, पाक्ने, औँसा पर्ने, खुर कुहिने आदि समस्या देखिनसक्ने हुँदा पशुचौपायाको हिँडडुल, चाल आदिको राम्रो निरीक्षण गरी समयमै भेटेरिनरी प्राविधिकसँग सम्पर्क राख्नुहोस्। साथै पशुचौपायालाई हिलो र ओसिलोबाट बचाउन गोठ, खोर वरिपरि पानी जम्न नदिनुहोस्।



चित्रः खोर वरपर जमेको हिलो

- वर्षातको समय भएकोले गाई-भैंसीहरूमा भ्यागुते रोग (पशुलाई सास फेर्न गाह्रो भएर भ्यागुता कराएको जस्तै आवाज निस्कन्छ) देखा पर्न सक्दछ। प्रायःगरी तीक्ष्ण लक्षणहरूमा मुख्यतः ८-२४ घण्टाभित्रै गाई-भैंसी मर्ने भएकोले जतिसक्दो छिटो नजिकैको पशु सेवा कार्यालय वा भेटेरिनरी सेवा केन्द्रमा सम्पर्क राख्नुहोस्।
- वर्षायाममा पशुचौपायामा पटके रोगको लक्षण देखिनासाथ नजिकैको पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। पटके रोगका कारणले मरेका पशुचौपायाहरूलाई नाङ्गो हातले नछुनुहोस् र चिरफार पनि नगर्नुहोस्। यो रोग मानिसलाई पनि सर्न सक्ने भएकोले निकै सावधानी अपनाउनुहोस्। पटके रोग लागेर मरेको पशुचौपाया, तिनीहरूमा प्रयोग गरिएका सोत्तर सामग्री र आहारा राम्रोसँग नष्ट गर्नुहोस्।
- वर्षातको समयमा पशुचौपायालाइ महामारी रोगहरूबाट बचाउन सफा पानी र सुरक्षित दाना दिनुहोस्।
- पशुचौपायाको दानालाई ओसबाट जोगाउन त्रिपाल वा प्लास्टिकको प्रयोग गरी जमिनभन्दा अलि माथि काठको फल्याक ओछ्याइ भण्डारण गर्नुहोस्।
- पानी जमेको अथवा सिमसार क्षेत्रमा शंखेकीराको प्रकोप बढी हुने र उक्त स्थानका घाँसपात पशुचौपायाले खाँदा नाम्ले रोग लाग्न सक्ने हुँदा ती स्थानहरूमा चराउन नलैजाने र घाँसलाइ घाममा ओइलाएर मात्र खुवाउनुहोस्। पशुचौपायाले धेरै पातलो छेरेमा गोबर परीक्षण गराइ प्राविधिकको सल्लाहमा जुका विरूद्धको उपयुक्त औषधी खुवाउनुहोस्।
- वर्षातको समयमा खोर र गोठ वरिपरि पानी जम्ने, झाडी बढ्ने र दुलोहरूमा पानी भरिने हुनाले सर्पहरू सुरक्षित ओत खोज्दै गोठभित्र पस्ने सम्भावना निकै उच्च हुन्छ। यस्तो बेला पशुचौपायालाई सर्पदंशबाट जोगाउन गोठको बाहिरी भागमा वा कुनाकाप्चामा कार्वोलिक एसिड वा कडा गन्ध आउने फिनाइल छर्कनुहोस्। साथै गोठको वरपर बाबरी (Mint), कागती, वा मरिचजस्ता कडा गन्ध आउने बिरुवाहरू रोप्नुहोस्।
- वर्षातको समयमा भेडाबाख्राहरूमा निमोनिया र छेर्ने समस्या देखिने हुदाँ भेडाबाख्राहरूलाई पानीमा भिज्न नदिनुहोस् र खुला चरनमा नछोड्नुहोस्। लगातार वर्षा भएको अवस्थामा खुला चरनभन्दा घाँस काटेर खुवाउने गर्नुहोस्।

## कुखुरा, हाँस, बंगुर

- हाल सुँगुर/बंगुरहरूमा अफ्रिकन स्वाइन फिभरको जोखिम बढ्दै गरेको हुँदा फार्महरूमा जैविक सुरक्षाका विधिहरू अपनाउनुहोस्। जैविक सुरक्षामा रोगी बंगुरलाई अलग राख्ने, बंगुरको ओसारपसार तथा आवतजावतमा नियन्त्रण गर्ने र गोठ सरसफाइमा ध्यान दिनुपर्छ। यी रोगका लक्षण देखिएमा नजिकैको पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्।
- भारी वर्षाले गर्दा हुने बाढीमा मुसाको मुत्रबाट मानिसमा सर्ने लेप्टोस्पाइरोसिस नामक जुनोटिक रोगको प्रकोप बढी हुने भएकाले धान/खेतबारीमा बुट लगाएर मात्र जानुहोस्।
- कुखुराहरूमा कक्सिडियोसिस रोगको लागि आगामी साताको मौसम अनुकूल रहेकोले खोरमा सोत्तर हिलो भए-नभएको ख्याल राखी कुखुराहरूले रातो छेरेमा एम्प्रोलियम २ ग्राम १ लिटर पानीमा घोली ५ दिनसम्म खान दिनुहोस्।



**चित्रः बंगुरमा अफ्रिकन स्वाइन फिभर रोग**

- वर्षातको समयमा कुखुराको खोरभित्र पानी पस्न नदिन जालीबाहिर प्लास्टिकले ढाक्ने व्यवस्था गर्नुहोस्। खोरमा भिजेको मल तुरुन्त हटाइ ओभानो भुस राख्नुहोस्। खोरमा २०-२५° सेल्सियस तापक्रमको व्यवस्था गर्नुहोस् र पानीलाई निर्मलीकरण गरी खुवाउनुहोस्।
- कुखुरा र टर्कीहरूमा बाह्य परजीविको समस्या देखिएमा यसको उपचार तथा नियन्त्रणका लागि बुटोक्स ३ एमएल प्रतिलिटर पानीका दरले मिसाइ खोरको भित्र-बाहिर सबै स्थानमा राम्रोसँग भिज्नेगरी स्प्रे गर्नुहोस्।

- दिउँसोको तापक्रम ३० डिग्री सेल्सियसभन्दा माथि पुग्ने ठाउँहरूमा पालिएका कुखुराहरूले दाना कम खाने, अन्डाको तौल घट्ने र अन्डाको गुणस्तरमा समेत ह्रास आउने भएकोले खोरको तापक्रम १८-२५ डिग्री सेल्सियस कायम हुनेगरी व्यवस्थापन गर्नुहोस्।

## मत्स्यपालन

- भल पानीसँगै आइमेरिया रोगका विजाणु बगेर आउने, ट्राउट माछा पालन गरेको रेसवे पोखरीहरूमा मिसिन सक्ने र ट्राउट माछामा पहेंलो छेर्ने रोग देखिनसक्ने हुँदा भल तर्काउनुहोस्। रोग देखापरेमा टोल्ट्राजुरिल १५ एमजी प्रतिकेजी माछाको शारीरिक तौलका दरले दानामा औषधी मिसाइ खुवाउनुहोस्। यो औषधी जम्मा ७ दिन (पहिलो, दोस्रो, तेस्रो, छैठौं, सातौं नवौं र दशौं दिनमा) दानामा मिसाइ खुवाउनुहोस्। साथै रोगसँग लड्ने क्षमता अभिवृद्धि गर्न भिटामिन-सी ०.५ ग्राम प्रतिकेजी दानाको दरले १५ दिनसम्म लगातार खुवाउनुहोस्।
- भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेका स्थानहरूका पोखरीको निकासद्वारमा माछाको साइज अनुसारको जाली लगाउनुहोस्।
- माछापोखरीमा मलको मात्रा उपयुक्त हुँदा पानीको पारदर्शिता २५-४० सेमीको बीचमा हुन्छ। मलको मात्रा बढी भएमा पानीको पारदर्शिता २० सेमीभन्दा कम हुन्छ। पानीको पारदर्शिता ४० सेमीभन्दा बढी भएमा मलको मात्रा कम भएको बुझिन्छ। यस्तो अवस्थामा माछापोखरीमा १५ दिनको फरकमा १०-१५ केजी कम्पोष्ट राख्नुहोस्। यसका अतिरिक्त ७०० ग्राम युरिया र ५०० ग्राम डिएपी प्रतिकठ्ठाका दरले पानीमा घोलेर पोखरीको सबैतिर पर्नेगरी ७ दिनको फरकमा राख्नुहोस्।
- माछापोखरीमा मलको मात्रा उपयुक्त हुँदा पानीको पारदर्शिता २५-४० सेमीको बीचमा हुन्छ। पानीको पारदर्शिता २० सेमीभन्दा कम भएमा मल र दाना दिन बन्द गरी पानीको पारदर्शिताको नियमित अनुगमन गर्नुहोस्। पानीको पारदर्शिता ४० सेमीभन्दा बढी भएमा १५ दिनको फरकमा १०-१५ केजी कम्पोष्ट, ७०० ग्राम युरिया र ५०० ग्राम डिएपी प्रतिकठ्ठा पोखरीका दरले पानीमा घोलेर पोखरीको सबैतिर पर्नेगरी ७ दिनको फरकमा राख्नुहोस्।
- रहू, नैनी तथा भाकुर जातका माछाको प्रजनन् समय भएको हुँदा हरेक हप्ता माउपोखरीबाट परिपक्व माछा छनौट गरी करिब २४ घण्टा होल्डिङ्ग ट्याङ्कीमा अनुकूलन गरी प्रजनन् गराउनुहोस्।
- टिलापिया माछाको प्रजनन् समय भएको हुँदा एक लिंगीय टिलापिया उत्पादक ह्याचरी कृषकहरूले आवश्यक टिलापिया ब्रुड (२००-३०० ग्राम) छनौट गरेर प्रजनन् पोखरीमा हापामा सेटिंग गरी प्रतिवर्गमिटर तीन गोटा माछाका दरले स्टक गर्नुहोस्। प्रत्येक ४-५ दिनमा पोथी माउको मुखबाट अण्डा सङ्कलन गरी ह्याचिंग जारमा कोरल्नको लागि राख्नुहोस्। औसत २७-२९ डिग्री सेल्सियस पानीको तापक्रममा करिब ७०-९० घन्टामा अण्डावाट भुरा निस्कन थाल्छ। एक लिंगीय टिलापिया भुरा उत्पादन गर्न नाभी थैली सुकेपछि पौडिन सुरू गरेका भुरा प्रतिवर्गमिटर ६०००-७००० गोटाका दरले नर्सिंग हापामा स्टक गरी लागातर २१ दिनसम्म ६० एमजी एम.टि. हर्मोन प्रतिकिलोग्राम दानामा मिसाइ खुवाउनुहोस्।



- पोखरीमा उपलब्ध हुने प्राकृतिक आहाराको अधिकतम उपयोग गरी राम्रो आम्दानी लिन एकीकृत मत्स्यपालनका लागि सातवटै प्रजातीका कार्प माछाका भुराहरू अनुसची-३ अनुसारको अनुपातमा मिलाएर राख्नुहोस्।

- तराई र मध्यपहाडका सरकारी तथा नीजि कार्प ह्याचरीहरूमा भुरा बिक्री भैरहेको हुँदा भुराको ढुवानी बिहान वा रातीको समयमा मात्र गर्नुहोस्। यसरी ढुवानी गरिएका भुरालाई लगेर पोखरीको पानीमा प्याकेट नखोली कम्तिमा २५-३० मिनेटसम्म वा पोखरीमा भएको पानीको तापक्रमसँग ढुवानी प्याकेटको पानीको तापक्रम २-३ डिग्रीभन्दा कम फरक हुने गरी तापक्रम अनुकूलन गराएर मात्र विस्तारै हुर्कौला पोखरीमा खन्याउनुहोस्। यसरी खन्याएको भुराहरूलाई २-३ घण्टा दाना नदिनुहोस्।
- कार्प माछाका ठुला भुरा तथा फिंगरलिंगको लागि सन्तुलित र २५ प्रतिशत प्रोटिन भएको दाना शारीरिक तौलको ४-५ प्रतिशतका दरले दैनिक दिनुहोस्। यसको लागि आवश्यक पर्ने दाना बनाउन चाहिने कच्चा पदार्थ र तिनीहरूको मिश्रण सँगैको तालिकामा छ।

| कच्चा पदार्थ | मिश्रण प्रतिशतमा | | |
|---|---|---|---|
| | नमुना दाना-१ | नमुना दाना-२ | नमुना दाना-३ |
| भुटेको भटमासको पिठो | २५ | ३७ | |
| तोरीको वा बदामको पिना | २५ | ३५ | |
| धानको ढुटो | ३५ | २६ | ६२ |
| भिटामिन र मिनरल प्रीमिक्स | १ | २ | २ |
| वनस्पति तेल | ७ | | |
| माछाको धूलो | ७ | | १९.३ |
| रेशम कीराको प्युपाको धूलो | | | ६.७ |
| गहुँ वा चामलको पिठो | | | ५ |
| बदामको तेल | | | ५ |

- माछालाई खुवाउने दानालाई सफा, ओभानो र सुख्खा तथा हावा खेल्ने कोठामा जुट वा प्लाष्टिकको बोरामा प्याक गरी काठको फल्याकमाथि राखी भण्डारण गर्नुहोस्। चिसो ठाँउमा भण्डारण गरेको दानामा ढुसीको संक्रमण हुनसक्ने र यस्तो दाना खुवाउँदा कलेजो सुन्निने रोग (हेपाटोमा) लाग्नसक्ने भएकोले बेला-बेलामा भण्डारण गरेको दानाको निरीक्षण गर्नुहोस्।
- माछापालन गर्ने कृषकहरूले व्यवसायमा हुने जोखिम कम गर्न बीमा गर्नुहोस्। थप जानकारीको लागि नजिकैको गाउँपालिका, नगरपालिका र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क गर्नुहोस्।

## घाँसेबाली

- लगातार वर्षाका कारण खेतमा पानी जम्न नदिन उचित निकासको व्यवस्था गर्नुहोस्।
- नेपियर, टियोसिन्टी, प्यारा घाँस तथा अन्य बहुवर्षीय घाँसहरू ४५-६० सेमी उचाइ पुगेपछि काट्नुहोस्।
- काटिएको हरियो घाँस खुला वर्षामा नराखी छाना भएको स्थानमा सुरक्षित राख्नुहोस्।
- पशुचौपायालाई सुख्खा समयमा पनि हरियो घाँस खुवाउनका लागि खेर गइरहेको, बाँझो तथा भिरालो जमिनमा बडहर, निबारो, टाँकी, कोइरालो, इपिल-इपिल, किम्बु, खन्यु, बेडुलो, पाखुरी, चुलेत्रो, दुधिलो, कुटमिरो, गोगनजस्ता डालेघाँसका बिरुवा सार्नुहोस्।
- वर्षेघाँस लगाउने उपयुक्त समय भएकोले निम्न अनुसारको घाँसेबालीहरू लगाउनुहोस्।

| घाँस | सिफारिस क्षेत्र | घाँसको जातहरू | बीउको मात्रा /हेक्टर | मलको मात्रा /हेक्टर | छर्ने तरिका |
|---|---|---|---|---|---|
| मकै | तराई तथा मध्यपहाड | मनकामना, देउती, अरुण | ३०-३५ केजी | ८०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| जुनेलो | तराई तथा मध्यपहाड | एमपि चरी, स्थानीय, स्विस सरगम | २५-३० केजी | ८०:६०:४० | मकै छरेजस्तै गरी छर्ने |
| टियोसेन्टी | तराई तथा मध्यपहाड | सिर्सा | ३५-४० केजी | ८०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| सुडान | तराई तथा मध्यपहाड | पिपर स्वीटसुडान | १०-१५ केजी | ८०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| बाज्रा | तराई तथा मध्यपहाड | जोइन्ट बाज्रा | १०-१२ केजी | ८०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| बोडी | तराई तथा मध्यपहाड | कात्तिके बोडी, आकाश, प्रकाश, सूर्य | ४०-५० केजी | २०:६०:४० | मकै छरेजस्तै गरी छर्ने |
| भटमास | तराई | हार्डी, कब | ३०-३५ केजी | २०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| | मध्यपहाड | लुम्ले, सेती, पूजा | | | |
| मस्याङ | तराई तथा मध्यपहाड | स्थानीय | २०-३० केजी | २०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |

# कृषि-मौसम सल्लाह बुलेटिन तयारी गर्ने विज्ञ समूह

| क्र.सं | नाम थर | कार्यक्षेत्र | कार्यालय | इ-मेल | सम्पर्क फोन |
|---|---|---|---|---|---|
| १ | डा. तुलसी प्रसाद पौडेल | पशु आहारा | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | harmfree@gmail.com | ९८५११११४२७८ |
| २ | डा. श्रीप्रसाद विष्ट | माटो विज्ञान | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | spvista002@gmail.com | ९८५१२७४९८२ |
| ३ | सूर्य प्रसाद बराल | बागवानी | राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर | spbaral23@gmail.com | ९८४१५४८२८४ |
| ४ | चेतना मानन्धर | बाली रोग | राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | chetana.manandhar@gmail.com | ९८४१६२४१८१ |
| ५ | सुदीप कुमार उपाध्याय | कीट बिज्ञान | राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | sudeeppdl@gmail.com | ९८४२४३७१५३ |
| ६ | डा. संजिव पंडित | पशु स्वास्थ्य | कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन, ललितपुर | panditsanjiv2046@gmail.com | ९८४५३२९५४२ |
| ७ | कुमार मणी दाहाल | बागवानी | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | kumarmanidahal@gmail.com | ९८५१२२२९५५ |
| ८ | रामेश्वर रिमाल | कृषि-मौसम | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | rameshwarrimal@gmail.com | ९८५१०४४१३० |
| ९ | प्रकाश कुँवर | मत्स्य विज्ञान | राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी | prakash.kunwor66@gmail.com | ९८४१५८०२३५ |
| १० | विद्या महर्जन | कृषि-मौसम | जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौ | bidhya159@gmail.com | ९८४१७७०६५१ |
| ११ | रोजन लामिछाने | मौसम पूर्वानुमान | मौसम पूर्वानुमान महाशाखा, गौचर, त्रि.अ.बि. | mfddhm@gmail.com | ०१-४११३१९१ |

# अनुसूची-१ः नेपालको मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावली

## Terms used in Weather Forecasting in Nepal

| | | |
|---|---|---|
| **बादलको अवस्था (Cloud condition)** | सफा (Fair) | No clouds in the sky |
| | मुख्यतया सफा (Mainly fair) | 1/8 to 2/8 (25%) sky covered by cloud |
| | आंशिक बदली (Partly cloudy) | 3/8 (26%) to 4/8 (50%) sky covered by cloud |
| | साधारणतया बदली (Generally cloudy) | 5/8 (51%) to 6/8 (75%) sky covered by cloud |
| | अधिकांश बदली (Mostly cloudy) | 6/8 (76%) to 7/8 (88%) sky covered by cloud |
| | पूर्ण बदली (Cloudy) | 8/8 (100%) or all sky covered by cloud |
| **वर्षाको प्रकृति (Nature of Rain)** | Temporary or Brief (क्षणिक वर्षा) | Weather phenomena occur for short span of time usually less than two hours |
| | Continuous (लगातारको वर्षा) | Weather phenomena occurring regularly and more often throughout the time duration |
| | Intermittent (रोकिँदै हुने वर्षा) | Rain occurring and reoccurring at certain intervals |
| | Widespread (व्यापक वर्षा) | Weather phenomena extensively throughout an area during specified time duration |

| | | | | |
|---|---|---|---|---|
| **वर्षाको संभाव्यता र यसको क्षेत्र (Rainfall probability in percentage and its coverage)** | <10% | None used | Isolated | at one or two places (एक-दुई स्थानमा) |
| | 10-30% | Slight Chance | Widely Scattered | at few places (थोरै स्थानमा) |
| | 30-50% | Chance/possible | Scattered | at some places (केही स्थानमा) |
| | 50-80% | Likely | Fairly widespread | at many places (धेरै स्थानमा) |
| | >80% | More likely | Widespread | at most places (अधिकांश स्थानमा) |

संभावित वर्षाको मात्रा (%) = आंकलन X क्षेत्र, जहाँ आंकलन भन्नाले कुनै स्थानमा वर्षा हुन सक्ने सम्भावना (%) जनाउँदछ भने क्षेत्र भन्नाले तोकिएको स्थानको वर्षा हुन सक्ने संभावित भूभाग (%) जनाउँदछ। उदाहरणका लागि कुनै स्थानको ८०% क्षेत्रमा ५०% वर्षाको आंकलन गरेको अवस्थामा सो स्थानको संभावित वर्षाको मात्रा (%) = ०.५ X०.८ = ४०% हुन आउँछ।

| | | |
|---|---|---|
| **वर्षाको मात्रा (Rainfall amount based on total accumulated rainfall during 24 hrs.)** | Light rain (हल्का वर्षा) | less than 10 mm |
| | Moderate rain (मध्यम वर्षा) | 10 mm or more but less than 50 mm |
| | Heavy rain (भारी वर्षा) | 50 mm or more but less than 100 mm |
| | Very heavy rain (धेरै भारी वर्षा) | 100 mm or more but less than 200 mm |
| | Extremely heavy rain (अति भारी वर्षा) | 200 mm or more |
| **समयसिमा (Time Period)** | Today (आज) | 6 AM to 6 PM |
| | Morning (बिहान) | 6 AM to Noon |
| | Afternoon (अपरान्ह) | Noon to 6 PM |
| | Late afternoon (अपरान्हको उत्तरार्ध) | 3 PM to 6 PM |
| | Evening (साँझ) | 6 PM to 9 PM |
| | Night (राति) | 6 PM to 6 AM (Next day) |

स्रोतः मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग

## अनुसूची-२ : धानबालीको लागि आवश्यक मलखाद मात्रा

| अवस्था | जमिनको अन्तिम तयारीको समयमा | | | | | २५-३० दिनपछि (गाँज आउने समयमा) | ५०-५५ दिनपछि (बाली पोटाउने बेलाभन्दा अगाडि) |
|---|---|---|---|---|---|---|---|
| | डीएपी (केजी/कट्ठा) | म्यू अ पो (केजी/कट्ठा) | युरिया (केजी/कट्ठा) | जिंक सल्फेट (ग्राम/कट्ठा) | बोरेक्स (ग्राम/कट्ठा) | युरिया (केजी/कट्ठा) | युरिया (केजी/कट्ठा) |
| पूर्वी तराई (झापा,मोरङ र सुनसरी) | २.९ | २.८ | १.८ | ४७६ | २९० | २.९ | २.९ |
| मध्य तराई (पर्सादिखि सप्तरीसम्म) | २.९ | २.२ | १.८ | ४७६ | २९० | २.९ | २.९ |
| पश्चिम तराई (रुपन्देही, कपिलवस्तु र परासी) | २.९ | २.८ | १.८ | ४७६ | २९० | ३.२ | ३.२ |
| सुदूरपश्चिम तराई (बाँकेदेखि कन्चनपुरसम्म) | २.२ | १.७ | १.४ | ३१८ | २९० | २.५ | २.५ |
| भित्रि तराई (चितवन, मकवानपुर र नवलपुर) | २.९ | २.२ | १.९ | ३१८ | २९० | ३.० | ३.० |
| वर्णशंकर | ३.६ | ३.३ | २.३ | ३१८ | २९० | ३.६ | ३.६ |
| पहाडी भागमा (प्रतिरोपनी) | ३.३ | २.५ | २.० | ७१५ | ४३५ | ३.८ | ३.८ |

- *२०० किलोग्राम प्रतिकट्ठा वा ३०० किलोग्राम प्रतिरोपनीका दरले प्रांगारिक मल प्रयोग गर्ने।*

## अनुसूची-३ः एकिकृत माछापालनको लागि पोखरीमा माछा भुराको अनुपात

| क्र.सं | माछाको जात | सातवटै जातहरू पाल्दा | चाइनिज कार्प मात्र पाल्दा | छडी माछा पाल्दा | कैफियत |
|---|---|---|---|---|---|
| १ | कमन कार्प | २५% | ३५% | | बिगहेड तथा भाकुर दुवै मिलाएर वा एक-अर्काको सट्टामा राख्न सकिन्छ। |
| २ | सिल्भर कार्प | ३५% | ४५% | | |
| ३ | बिगहेड कार्प वा भाकुर | १०% | १५% | ४०% | |
| ४ | ग्रास कार्प | ५% | ५% | | |
| ५ | रहु | १०% | | ३०% | |
| ६ | नैनी | १५% | | ३०% | |
| जम्मा | | १००% | १००% | १००% | |